# एभरेष्ट बैंक लिमिटेडको २६ औं वार्षिक साधारण सभाको काम कारवाहीको विवरण (माइन्यूट):

१. सभाको काम कारवाही:

मिति २०७७ साल मङ्सिर ३० गते बसेको एभरेष्ट बैंक लिमिटेडको संचालक समितिको ३२३ औं बैंठकले निर्णय गरे अनुसार २६ औ बार्षिक साधारण सभा गर्न निम्न मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल गरी निर्णय गर्न संचालक समितिका अध्यक्ष श्री बिष्णु कृष्ण श्रेष्ठ ज्यूको सभापतित्वमा सम्पन्न भएको यस साधारण सभाको काम कारबाहीको विवरण (माईन्युट) देहाय बमोजिम छ ।

२. सभाको मिति, समय र स्थान:

मिति: २०७७ साल पौष २७ गते सोमबार तद्नुसार ११ जनवरी २०२१
समय: बिहान ११:०० बजे ।
स्थान: एभरेष्ट बैंक लिमिटेड, केन्द्रीय कार्यालय, लाजिम्पाट, काठमाडौं ।

३. सभाको सूचना र सूचना प्रकाशन मिति:

कम्पनी ऐन २०६३ को दफा ६७(२) बमोजिम २६ औं बर्षिक साधारण सभा गर्नका लागी सभा हुने मिति, स्थान र छलफल गर्ने बिषय समेत खोली २०७७ साल पौष १ र ४ गतेको कान्तिपुर राष्ट्रिय दैनिक तथा २०७७ साल पौष ३ गतेको कारोबार र आर्थिक अभियान राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरिएको थियो ।

४. सभामा उपस्थिति:

४.१ संचालक/प्रमुख कार्यकारी अधिकृतहरुको उपस्थिति:

| | |
|---|---|
| १) श्री बिष्णु कृष्ण श्रेष्ठ | - अध्यक्ष |
| २) डा. बाल गोपाल बैद्य | - संचालक |
| ३) श्री अरुण मान शेरचन | - संचालक |
| ४) श्री अनिल बंसल | - संचालक **(जुम मार्फत सहभागी हुनु भएको)** |
| ५) श्री नविन भक्त श्रेष्ठ | - संचालक |
| ६) डा. निर्मल कुमार बिष्ट | - संचालक |
| ७) श्रीमती उर्मिला श्रेष्ठ | - संचालक |
| ८) श्री गजेन्दर कुमार नेगी | - प्रमुख कार्यकारी अधिकृत |

४.२ पर्यवेक्षक/पदाधिकारीहरुको उपस्थिति :

| | |
|---|---|
| १) श्री शम्भु थापा | - बरिष्ठ अधिवक्ता, कानूनी सल्लाहकार |
| २) श्री महेश्वरेन्द्र श्रेष्ठ | - लेखापरीक्षक |
| ४) डा. सन्धिर कुमार | - नायब महाप्रवन्धक |

EVEREST BANK LTD. Head Office Kathmandu

Scanned with CamScanner

५) श्री केशव राज पौडेल - सहायक महाप्रवन्धक
६) श्री आशुतोष शर्मा - सहायक महाप्रवन्धक
७) श्री सुरेश चापागाई - कम्पनी सचिव

४.३ शेयरधनीहरुको उपस्थिति संख्या निम्न बमोजिम ८७ जना रहेको छ ।

| शेयरधनीसंख्या (समूह क,ख) | उपस्थित संख्या | स्वयं/प्रतिनिधी/प्रोक्सी मार्फत | जुम मार्फत उपस्थित |
|---|---|---|---|
| ५२,९५३ | ८७ | ५७ | ३० |

## ५. सभाको गणपूरक संख्या:

| कुल शेयर संख्या | शेयरधनीसंख्या (समूह क,ख) | उपस्थित संख्या | स्वयं /प्रतिनिधी /प्रोक्सी मार्फत | जुम मार्फत उपस्थित | उपस्थिती (शेयर) प्रतिनिधित्व | शेयरको प्रतिनिधित्व (%) |
|---|---|---|---|---|---|---|
| ८,४७,०२,०६८.३६ | ५२,९५३ | ८७ | ५७ | ३० | ५,८०,४७,८०९ | ६८.५३ |

## ६. सभाको वैधानिकता:

कुनै पनि साधारण सभा हुनु भन्दा अगावै सभामा उपस्थित शेयरधनीहरुले सो साधारण सभाको वैधानिकता यकिन गर्न पर्ने हुंदा कम्पनी सचिवले निम्न अनुसार शेयरधनीहरुलाई अवगत गराउनु भयो ।

(क) कम्पनी ऐन, २०६३ र यस बैंकको नियमावलीमा भएका प्रावधानहरु बमोजिम रीतपूर्वकको सूचना जारी तथा प्रकाशित गरि आर्थिक बर्ष समाप्त भएको ६ महिना भित्र नै यो साधारण सभा बोलाईएको थियो । बार्षिक साधारणसभाको सूचना २०७७ पौष १ र ४ गतेको कान्तिपुर राष्ट्रिय दैनिक तथा २०७७ साल पौष ३ गतेको कारोबार र आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको थियो ।

(ख) कम्पनी ऐन, २०६३ को दफा ६९ र यस एभरेष्ट बैंक लिमिटेडको नियमावलीमा गरिएका व्यवस्थाहरु बमोजिम यो साधारण सभाको लागि माथिको बुंदा नं. ५ मा उल्लेखित तालिका बमोजिमको उपस्थितिले आवश्यक गणपूरक संख्या समेत पुगेको र सभामा उपस्थित सबै शेयरधनी महानुभावहरु मतदान गर्न योग्य भएको बैंकका कम्पनी सचिवले सभालाई जानकारी गराउनु भयो ।

उपरोक्त अनुसारको जानकारी उपर शेयरधनी महानुभावहरुबाट रीतपुर्वक भएको भनी संतोष व्यक्त गरियो र यस साधारण सभा सम्बन्धि कार्यवाही अगाडि बढाउन अनुरोध गरियो ।

EVEREST BANK LTD. Head Office Kathmandu



Scanned with CamScanner

७. <u>सभाको सभापतित्व र सभा संचालन:</u>

कम्पनी सचिब श्री सुरेश चापागाईले बैंकका उपस्थित सञ्चालकहरुको परिचय गराउँदै बैंकको प्रबन्धपत्र/नियमावली अनुसार साधारण सभाको सभापतित्व बैंकको संचालक समितिका अध्यक्ष श्री बिष्णुकृष्ण श्रेष्ठ ज्यूले गर्नुहुने व्यहोरा सभामा जानकारी गराउनु भयो ।

तत्पश्चात, सभापति ज्यूको अनुमतिले सभालाई अगाडी बढाउने क्रममा बैंकका कम्पनी सचिव श्री सुरेश चापागाईले सभाको निर्धारित विषयसूची तथा प्रस्तावहरु पढेर सुनाउनु भयो ।

<u>८. सभाको विषयसूची तथा प्रस्तावहरु:</u>

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको २०७७ साल आषाढ ३१ गतेको वासलात, सोही मितिमा समाप्त आ.व.२०७६/७७ को नाफा नोक्सान हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने,

३. मिति २०७७/०७/१९ मा बसेको सञ्चालक समितिको ३२३ औं बैठकले, शेयरधनीहरुलाई निम्न बमोजिम नगद लाभाशं तथा बोनस शेयर प्रदान गर्न सिफारिश गरेकोले सो प्रस्ताव छलफल गरी पारित गर्ने,

(क) ५% का दरले बोनस शेयर जारी गर्ने- विशेष प्रस्ताव,

(ख) ५.५३% नगद लाभांश (बोनस शेयर र नगद लाभांशमा लाग्ने कर समेत) वितरण गर्न गरेको सिफारिशलाई छलफल गरी पारित गर्ने,

४. प्रबन्धपत्र संशोधन सम्बन्धि <u>विशेष प्रस्ताव</u> पारित गर्ने,

(क) बैंकले प्रस्तावित रु. ४२,३५,१०,३४२ बराबर बोनस शेयर जारी भए पश्चात जारी र चुक्ता पूंजी बृद्धि हुने भएकोले जारी र चुक्ता पुँजी बृद्धि गर्न प्रबन्धपत्र संशोधन गर्ने ।

(ख) नेपाल राष्ट्र बैंकको स्वीकृति बमोजिम संस्थापक समूहको शेयर सर्वसाधारण समूहमा परिणत भए पश्चात संस्थापक समूह र सर्वसाधारण समूहको शेयर स्वामित्व संरचना परिवर्तन गर्न प्रबन्धपत्रको दफा ५ संशोधन गर्ने ।

५. सर्वसाधारण शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने दुईजना सञ्चालकको निर्वाचन गर्ने ।

६. आ.ब.२०७७/७८ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने ।

७. विविध

EVEREST BANK LTD. Head Office Kathmandu



Scanned with CamScanner

९. संचालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन :

निर्धारित विषय सूची १ मा उल्लेख भए बमोजिमको संचालक समितिको तर्फबाट अध्यक्ष ज्यूको प्रतिवेदन प्रस्तुत गर्ने क्रममा वार्षिक प्रतिवेदन शेयरधनीहरुलाई प्राप्त भईसकेको कारणले अनावश्यक पुनरावृत्ति नहोस भन्ने उद्देश्यले एंव समयको बचतका लागी सभापति ज्यूले उक्त प्रतिवेदनमा रहेको मुख्य बुँदाहरुलाई समेट्ने गरी तयार गरिएको अध्यक्षको मन्तब्य सभामा पढेर सुनाउनु भयो ।

**प्रतिवेदन प्रस्तुत गर्ने क्रममा अध्यक्ष ज्यूले सभालाई निम्न बमोजिम जानकारी गराउनु भयो ।**

▲ बिश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस महामारी रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारबाट जारी गरिएका स्वास्थ्य सम्बन्धी निर्देशन र मापदण्डहरुको सम्मान र परिपालना गर्दै अनलाईन ZOOM मार्फत सभा आयोजना गरिएको |

▲ बिश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरसले बैंकको व्यपार विस्तारमा असर गरेको जानकारी गराउनु भयो | हाल दोस्रो त्रैमास समाप्त हुने क्रममा रहेकोले पहिलो त्रैमास भन्दा दोस्रो त्रैमासमा बैंकको विवरण राम्रो हुने छ |

▲ कोरोना भाइरस महामारीको बीचमा पनि बैंकले आफ्नो शाखा बिस्तारलाई निरन्तरता दिई हालै चितवन जिल्लाको हाकिम चोक, मोरङ जिल्लाको कन्चनबारी र दाङ जिल्लाको घोराहीमा शाखा खोली संचालनमा ल्याएको | अबको केहि समयमा उदयपुर जिल्लाको गाईघाट र धादिङ जिल्लाको नौबिसेमा समेत शाखा तयार भई संचालनमा ल्याउने ‖ शाखा बिस्तारलाई निरन्तरता दिने क्रममा नेपाल राष्ट्र बैंकको स्वीकृती लिई काठमाडौं उपत्यकामा ललितपुर जिल्लाको भैसिपाटी र काठमाडौं जिल्लाको बुढानिलकण्ठमा शाखा खोलिने |

▲ अध्यक्ष ज्यूले हालसम्म बैंकले दिएको प्रतिफल राम्रो रहेको उल्लेख गर्नु भयो | सुरुमा बीस हजार लगानी गरेका लगानीकर्ताहरुले हालको अवस्थामा उक्त लगानीमा लगभग पैतालीस लाख बराबरको प्रतिफल पाउनु भएको |

१०. छलफलको लागि आह्वान:

तत्पश्चात् सभापतिज्यूको आज्ञा अनुसार कम्पनी सचिब श्री सुरेश चापागाईंले शेयरधनी महानुभावहरुलाई केही जिज्ञासा, प्रश्न तथा सुझावहरु भए आफ्नो विचार मन्तव्य प्रकट गरी दिनु हुन अनुरोध गर्दै शेयरधनी महानुभावहरु समक्ष वार्षिक प्रतिवेदन लगायत वासलात तथा नाफा नोक्सान हिसाबमा छलफल गर्न आह्वान गर्नुभयो ।

आफ्नो मन्तव्यको क्रममा सम्पुर्ण वक्ता शेयरधनी महानुभावहरुले शेयरधनीहरुलाई ५ प्रतिशत वोनस शेयर जारी गर्ने तथा ५.५३% नगद लाभाशं (बोनस शेयर र नगद लाभांशमा लाग्ने कर समेत)

EVEREST BANK LTD. Head Office Kathmandu

Scanned with CamScanner

वितरण गर्ने सिफारिशित गरेकोमा बैंक व्यवस्थापनलाई धन्यवाद व्यक्त गर्दै सो प्रस्तावको स्वागत गर्नु भयो ।

तथापी प्राय सबै शेयरधनी महानुभावहरुले यस बर्ष बोनस शेयर जारी गरिएको प्रतिशत कम रहेको गुनासो गर्नु भएको थियो ।

मन्तब्य कै क्रममा शेयरधनी महानुभावहरु एभरेष्ट बैंक लिमिटेड अन्य बैंक तथा वित्तीय संस्थासँग मर्जर वा प्राप्ति गर्नु पर्छ भन्ने सुझाब दिनु भयो |

शेयरधनी महानुभावहरुले बैकले हासिल गरेको सफलता र उचाईलाई कायम राख्दै शेयरधनीहरुलाई आगामी बर्ष अझै धेरै नगद लाभांशका र बोनस शेयर प्रदान गरिने छ भन्ने आकांक्षा व्यक्त गर्नु भयो । साथै, बिश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस महामारीका बिचमा पनि सेवाग्राहीहरुलाई राम्रो सेवा दिनु भएकोमा संचालक समिति र व्यवस्थापनलाई धन्यवाद दिनु भयो |

२६ औ बार्षिक साधारणसभामा निम्न बमोजिमका वक्ताहरुले आफ्नो राय, सल्लाह र सुझावहरु पेश गर्नु भएको थियो :

१) **श्री सत्रुधन श्रेष्ठ**
२) **श्री** अमृतनाथ रेग्मी
३) श्री कुबेर श्रेष्ठ
४) श्री **अर्पण खनाल**

<u>सभापतिज्यूबाट प्रत्युत्तर:</u>

शेयरधनी महानुभावहरुले बैंकको बार्षिक प्रतिवेदन तथा हरहिसाब उपरको छलफलमा सक्रिय रुपमा प्रभावकारी तवरबाट धैर्य धारण गरी सहभागी हुनुभएकोमा धन्यवाद दिनुभयो र सभामा उठेका जिज्ञासा, सोधनी तथा माग गरिएका प्रष्टिकरणका सम्बन्धमा निम्नानुसार जवाफ दिनु भयो :

▲ शेयरधनी महानुभावहरुले बैंकको कमजोरीहरु औल्याउँदा बैंकले कमजोरी सच्चाउन मौका पाउने हुँदा सञ्चालक समितिका साथै व्यक्तिगत रुपमा अध्यक्ष आफै पनि खुशी हुने धारण सभा समक्ष राख्नु भयो ।

▲ अध्यक्ष ज्युले बैंकले पुँजी बढाए पछि त्यहि अनुसार शेयरधनिहरुलाई प्रतिफल दिनु पर्छ र पुँजी बढे पछि लागनी गर्दा **Non-Performing Account (NPA)** वृद्धि नहुने गरि लगानी गर्नु पर्छ |

▲ अध्यक्ष ज्यूले शेयरधनी महानुभावहरुले उठाउनु भएको बोनस शेयरको प्रतिशत कम भएको भन्ने सन्दर्भमा शेयरमा लगानी गर्ने शेयरधनीहरुले २ उद्देश्य लिई लगानी गर्ने र जस मध्ये एक (क) प्रकारका शेयरधनीले लामो अवधिसम्म शेयर कायम राखेर सोही शेयरको प्रतिफल लगातार र बढ्दो क्रममा प्राप्त होस भन्ने उद्देश्य राख्ने र अर्को (ख) प्रकारका शेयरधनीहरु छोटो समयमा फाइदाको अवसर खोज्ने प्रकारका हुने भएको हुँदा छोटो अवधिमा फाइदाको सोंच राख्ने (ख) प्रकारका शेयरधनीहरुको उद्देश्य र बैंकको उद्देश्य मेल नखाने कुरालाई प्रष्ट पार्नु भयो ।



EVEREST BANK LTD. Head Office Kathmandu

Scanned with CamScanner

▲ अध्यक्ष ज्यूले बैंकको कार्य शैली र योजना बारे थप स्पष्टोक्ति दिँदै बैंकले गर्ने मुनाफा मध्ये सम्पूर्ण रकमलाई एकै पटक रित्त्याउने कार्य बैंकले नगरी Reserve लाई बलियो बनाउने तर्फ ध्यान दिईरहेको हुन्छ । मुख्यत: Reserve निम्नलिखित उद्देश्यले बढाउने गरिन्छ:

(क) पूँजीकोष अनुपात **(Capital Adequacy Ratio)** कायम राख्न
(ख) प्रति शेयर आम्दानी **(Earning per Share)** कायम राख्न
(ग) शेयरधनीलाई दिने प्रतिफल स्थिर **(Consistent Return to shareholders)** राख्न

▲ अध्यक्ष ज्युले बैंकको बारेमा जानकारी गराउने उद्देश्यले शेयरधनी महानुभावहरुलाई बैंकको आ.ब. २०७७/७८ को दोस्रो त्रैयमासको प्रगति राम्रो हुने व्यहोरा सभालाई बताउनु भयो ।

▲ शेयरधनी महानुभावहरुबाट व्यक्त गरिएका जिज्ञासा, प्रश्न तथा सुझाव प्रति सभाका सभापति श्री बिष्णु कृष्ण श्रेष्ठ ज्यू र प्रमुख कार्यकारी अधिकृत श्री गजेन्दर कुमार नेगी ज्यूले दिनु भएको प्रत्युत्तर उपर सबै शेयरधनी महानुभावहरुले सन्तुष्टि व्यक्त गर्नुभयो ।

११. <u>सभाको निर्णयहरु:</u>

१. निर्धारित विषयसूची नं. १ अनुसार संचालक समितिको तर्फबाट अध्यक्ष ज्यूको प्रतिवेदन अनुमोदनका लागि पेश हुंदा सर्वसम्मतिबाट अनुमोदन गरियो ।

२. निर्धारित विषयसूची नं. २ अनुसार लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको २०७७ साल आषाढ ३१ गतेको वासलात, सोही मितिमा समाप्त आ.व.२०७६/७७ को नाफा नोक्सान हिसाव तथा सोही अवधिको नगद प्रवाह बिवरण छलफल गरी पारित गर्ने प्रस्ताव पेश हुदां सर्वसम्मतिबाट पारित गर्ने निर्णय भयो ।

३. निर्धारित बिषय सूची नं. ३ अनुसार मिति २०७७/०७/१९ मा बसेको सञ्चालक समितिको ३२३ औं बैठकले, शेयरधनीहरुलाई ५ प्रतिशत वोनस शेयर ५.५३ प्रतिशत नगद लाभाशं वितरण गर्ने गरेको सिफारिशलाई छलफल गरी पारित गर्ने प्रस्ताव सर्वसम्मतीले पारित भयो ।

४. निर्धारित विषयसूची नं. ४(क) अनुसार बैंकले रु. ४२,३५,१०,३४२/- बराबर बोनस शेयर जारी भए पश्चात जारी र चुक्ता पुँजी बृद्धि हुने भएकोले प्रबन्धपत्रको दफा ५(ख) र (ग) मा संशोधन गर्नु पर्ने भएकोले प्रबन्धपत्रको दफा ५(ख र (ग) मा देहाय बमोजिम संशोधन गर्ने प्रस्ताव सर्वसम्मती पारित भयो |

**<u>बैंकको प्रबन्धपत्रको दफा ५ (ख) र (ग) मा संशोधन</u>**

| हालको को भईरहेको व्यवस्था | संशोधन पश्चात हुने व्यवस्था |
|---|---|
| ५(ख)<br>ख) बैंकको तत्काल जारी पुँजी रू. ८,४७,०२,०६,८३६/- (अक्षरेपी: आठ अर्ब सडचालिस करोड दुई लाख छ हजार आठ सय छत्तीस रूपैया) हुने छ \| | ५(ख)<br>ख) बैंकको तत्काल जारी पुँजी रू. ८,८९,३७,१७,१७८/- (अक्षरेपी: आठ अर्ब उनानब्बे करोड सैतिस लाख सत्र हजार एक सय अठअत्तर रूपैया) हुने छ |



EVEREST BANK LTD. Head Office Kathmandu

Scanned with CamScanner

| **५(ग)** | **५(ग)** |
|---|---|
| ग) बैंकको तत्काल चुक्ता पुँजी रू. ८,४७,०२,०६,८३६/- (अक्षरेपी: आठ अर्ब सङ्चालिस करोड दुई लाख छ हजार आठ सय छत्तीस रूपैया) हुने छ । | ग) बैंकको तत्काल जारी पुँजी रू. ८,८९,३७,१७,१७८/- (अक्षरेपी: आठ अर्ब उनानब्बे करोड सैतिस लाख सत्र हजार एक सय अठअत्तर रूपैया) हुने छ । |

निर्धारित विषयसूची नं. ४(ख ) अनुसार हाल कायम रहेका संस्थापक शेयरधनिहरुले आफ्नो नाममा रहेको संस्थापक शेयर सर्वसाधारण शेयरमा परिणत गर्न नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिएकोमा नेपाल राष्ट्र बैंकले मिति २०७७/०३/२२ मा ९.९१% संस्थापक शेयर सर्वसाधरण शेयरमा परिणत गर्न स्वीकृति प्रदान गरेको छ । नेपाल राष्ट्र बैंकको स्वीकृति पश्चात सर्वसाधारण शेयर बिक्री गर्नु अघि बैंकको प्रबन्धपत्रको दफा ५(ङ)(१)(२)(३) मा संशोधन गर्नु पर्ने भएकोले प्रबन्धपत्रको दफा ५(ङ)(१)(२)(३) मा देहाय बमोजिम संशोधन गर्ने प्रस्ताव सर्वसम्मत पारित गर्ने निर्णय भयो ।

**बैंकको प्रबन्धपत्रको दफा ५ (ङ) मा संशोधन**

| **हालको को भईरहेको व्यवस्था** | **संशोधन पश्चात हुने व्यवस्था** |
|---|---|
| **५(ङ)**<br>(१) संस्थापक शेयरधनीहरुलाई समूह "क" मा वर्गिकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व पचास प्रतिशत (५०%) हुने छ ।<br>(२) सर्वसाधारण बिक्री गरिने शेयरधनीलाई समूह "ख" मा वर्गिकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व तीस प्रतिशत (३०%) हुने छ ।<br>(३) संयुक्त लगानी गर्ने बिदेशी बैंकलाई समूह "ग" मा वर्गिकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व बीस प्रतिशत (२०%) हुने छ । | **५(ङ)**<br>(१) संस्थापक शेयरधनी समूहको शेयर स्वामित्व जम्मा ५९.२३% हुने छ जस मध्ये नेपाली संस्थापक समूहको ३९.२०% र संयुक्त लगानीकर्ता पन्जाब नेशनल बैंकको २०.०३% हुने छ ।<br>(२) सर्वसाधारण बिक्री गरिने शेयरधनीलाई समूह "ख" मा वर्गिकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व ४०.७७% हुने छ । |

५. निर्धारित विषयसूची नं. ५ अनुसार सर्वसाधारण शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने दुई जना सञ्चालकको निर्वाचन गर्ने कार्यक्रम रहेकोमा सभापति ज्यूको आज्ञा लिई कम्पनी सचिव श्री सुरेश चापागाईले निर्वाचन कार्यका लागि नियुक्त हुनु भएका निर्वाचन अधिकृत श्री प्रबिण खरेललाई निर्वाचन कार्यक्रम सम्बन्धि बिस्तृत विवरण सभालाई जानकारी गराउन अनुरोध गर्नु भएकोमा निर्वाचन अधिकृत श्री प्रबिण खरेलले भक्तपुर जिल्ला, भक्तपुर न.पा. वार्ड नं. ४, बोलाछें टोल निवासी श्री नबिन भक्त श्रेष्ठ तथा ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं २

EVEREST BANK LTD. Head Office Kathmandu



Scanned with CamScanner

सानेपा निवासी श्रीमती उर्मिला श्रेष्ठ निर्विरोध सञ्चालक निर्वाचित भएको व्यहोरा सभामा जानकारी गराउनु भयो ।

६. निर्धारित विषयसूची नं. ५ अनुसार आ.ब.२०७७/७८ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने प्रस्तावका सन्दर्भमा बैंकको लेखापरीक्षण समिति र सञ्चालक समितिले सिफारिश गरे बमोजिम **श्री सुन्दर एण्ड कम्पनी**, चार्टर्ड एकाउण्टेण्ट्सलाई लेखापरीक्षकमा नियुक्त गर्ने र पारिश्रमिकको हकमा जम्मा रु. ९,२५,०००/- (अक्षरेपी नौ लाख पच्चीस हजार रुपैयां) र सोमा लाग्ने कर समेत प्रदान गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

१२. धन्यवाद ज्ञापन :

सभापतिज्यूले अपेक्षा गरिए भन्दा धेरै संख्यामा शेयरधनी महानुभावहरु अत्यधिक जोश, जांगर, उत्साह र उमंगकासाथ साधारण सभामा स्वयं र जुम मार्फत भाग लिई साधारण सभामा सक्रिय रुपमा छलफलमा संलग्न भई सफलता पुर्वक सुसम्पन्न गर्नु भएकोमा शेयरधनीहरुका साथै सम्वन्धित सबैलाई धन्यवाद दिनु भयो ।

१३. सभा विसर्जन :

अन्तमा सभाका लागि प्रस्तुत सम्पूर्ण विषयसूची उपर छलफल तथा निर्णय भएकोले उपस्थित शेयरधनी महानुभावहरु लगायत सबैलाई धन्यवाद दिनु हुँदै सभापतिज्यूले अपरान्ह १२:१५ बजे सभा विसर्जन गर्नु भयो ।

..................
**सुरेश चापागाईं**
(कम्पनी सचिब)

EVEREST BANK LTD.
Head Office
Kathmandu

बिष्णुकृष्ण श्रेष्ठ
(अध्यक्ष)

मिति : २०७७/०९/२८



Scanned with CamScanner